राष्ट्रिय समाचार समिति
National News Agency
Central Office

च.नं. ३९/०७७/७८

मिति : २०७७०७०१

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौँ ।

विषय : **स्वतः प्रकाशन व्यवस्था सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा नेपालको संविधानमा उल्लेख गरिएको सूचनाको हकसम्बन्धी प्रावधानअन्तर्गत सबै सार्वजनिक निकायले हरेक तीन/तीन महिनामा आ-आफ्ना गतिविधि/कामकारवाही अनिवार्यरूपमा सार्वजनिक गर्नुपर्ने व्यवस्था भएबमोजिम कोरोना भाइरस (कोभिड-१९) का कारण जारी लकडाउनका बाबजुद् यस समितिमा मिति २०७७ साल साउन, भदौ र असोज महिनामा देहायबमोजिमको कामकाज भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

(उत्तम सिल्वाल)
कार्यकारी व्यवस्थापक
सूचना अधिकारी

Tele: 4262736, 4262724, 4262628, 4262550, 4262539 P.O. Box : 220, Singhadurbar Plaza, Kathmandu, Nepal
Web: rssnepal.org.np, E-mail: rssmail@rss.com.np, rssrssadm@gmail.com

१. **समाचार, फोटो तथा अडियो सामग्री सम्प्रेषणको विवरण**

| क्र.सं. | महिना | नेपाली समाचार | अंग्रेजी समाचार | अन्तर्राष्ट्रिय समाचार | फोटो | अडियो | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | साउन | २६५७ | ९३४ | ३३१ | १७६० | २६९ | |
| २. | भदौ | २५०९ | ८८० | ३०९ | १७९५ | २७८ | |
| ३. | असोज | २४५८ | ८७४ | ३११ | १६५० | २५४ | |
| जम्मा | | ७६२४ | २६८८ | ९५१ | ५२०५ | ८०१ | |

२. **कोरोना सङ्क्रमण/लकडाउनका बावजुद् निर्वाधरूपमा समाचार सेवा सम्प्रेषण गरेको**

कोरोना भाइरस अर्थात् कोभिड-१९ को विश्वव्यापी महामारीसँगै यस अवधिको अधिकांश समय नेपालमा पनि लकडाउन (बन्दाबन्दी) जारी रहेको, लकडाउन हटे पनि कोरोना महामारीको सन्त्रास कायम रहेको, राज्य तथा नागरिक समाजका तर्फबाट स्वःस्फूर्तरूपमा काम गर्ने वातावरण नभएको र समग्रमा अतिआवश्यकीय बाहेकका गतिविधि सञ्चालन हुननसकिरहेको अवस्थामा पनि राज्यद्वारा सञ्चालित जिम्मेवारी समाचार संस्था (रासस) ले यसअघिका सामान्य दिनहरूमा भन्दा अझ बढी समाचार, फोटो तथा अडियो सङ्कलन, सम्पादन तथा सम्प्रेषण गर्नुपर्ने दायित्व बोध गरी सोहीबमोजिमको व्यवस्था गरेको । तर यस अवधिमा राससका सम्पादक, समाचारदाता र फोटोपत्रकारहरूमा कोरोना सङ्क्रमण देखिएकाले समितिले चाहेजस्तो अनुसन्धान/खोजमूलक समाचार सम्प्रेषण गर्न नसकेको । यद्यपि अधिकांश आमसञ्चार माध्यमले राससद्वारा सम्प्रेषित समाचार सामग्रीलाई प्राथमिकतासाथ प्रयोग गरेको देखिन्थ्यो । अत्यन्त प्रतिकूल परिस्थितिका बावजुद् अविच्छिन्न रूपमा समाचार, फोटो तथा अडियो सेवा सञ्चालन भएको र यथाशक्य गुणस्तरीय समाचार सामग्रीमा जोड दिएको ।

३. **रासस केन्द्रीय कार्यालयको पुरानो भवन भत्काउँदा निस्केका काठपात, इँटा, फलामलगातका निर्माण सामग्री नियमानुसार लिलाम बिक्री गरेको । लिलाम बिक्री भएका सामग्री उठाउने काम करिब पूरा भएको ।**

४. **आर्थिक वर्षको प्रथम चौमासिकभित्रको साउन, भदौ र असोज महिनाको यस अविधिमा भौतिक तथा वित्तीय प्रगतितर्फ उल्लेख्य काम नभएको ।**